# भूउपयोग (पहिलो संशोधन) नियमावली, २०८०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०८०।०४।३२

भूउपयोग नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूउपयोग ऐन, २०७६ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "भूउपयोग (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **भूउपयोग नियमावली, २०७९ को नियम ३ मा संशोधनः** भूउपयोग नियमावली, २०७९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (३) मा रहेका "सम्बन्धित स्थानीय तहले" भन्ने शब्दहरु पछि "त्यस्तो सूचना प्रकाशन भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरु थपिएका छन्।

३. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को उपनियम (७) मा रहेका “यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र” भन्ने शब्दहरुको सट्टा “यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र” भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को,-

(१) उपनियम (२) मा रहेको “आवासीय” भन्ने शब्द पछि “वा व्यावसायिक” भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

“(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा न्यूनतम असी वर्ग मिटर भन्दा कम नहुने गरी जग्गाको कित्ताकाट गर्न सकिनेछः-

(क) सम्बन्धित स्थानीय तहले निर्धारण गरेको सडक तथा बाटोको मापदण्डको आधारमा स्थानीय तहको सिफारिस बमोजिम त्यस्तो सडक तथा बाटोमा पर्ने जग्गा,

(ख) सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम जग्गा विकास योजना सहितको नक्सा स्वीकृत गराई जग्गा विकास कार्यक्रम सञ्चालन हुने क्षेत्रको जग्गामा ।”

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) उपनियम (३) बमोजिम गरिएको कित्ताकाटबाट कायम भएको नयाँ कित्तालाई प्लट मिलान गरिने कित्तामा एकीकरण गरी नयाँ कित्ता कायम गर्नु पर्नेछ।"

(४) उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख), (४ग) र (४घ) थपिएका छन्:-

"(४क) उपनियम (१), (२) वा (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा जग्गाको कित्ताकाट गर्न सकिनेछः-

(क) आवास तथा कार्यालय भवन प्रयोजनको लागि बाहेक विकास निर्माण प्रयोजनका लागि लगत कट्टा गरी नेपाल सरकार, आयोजना वा सार्वजनिक संस्थाको नाममा कायम गर्दा,

(ख) सम्बन्धित स्थानीय तहले निर्धारण गरेको मापदण्डको आधारमा सडक तथा बाटो कायम गरी स्थानीय तहको सिफारिस बमोजिम नेपाल सरकारको नाममा कायम गर्दा,

(ग) साविक देखि नै भोग चलन गरिआएको जग्गा भोग चलन बमोजिम नाप जाँच गरी प्रचलित कानून बमोजिम कित्ता कायम गर्दा,

(घ) अंशबण्डा वा अंश भरपाई वा मोही र जग्गाधनीबीच जग्गाको बाँडफाँड गर्दा।

(४ख) नियम ४ को उपनियम (४) बमोजिम भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गर्नु पर्नेमा सो मध्ये कुनै एक भूउपयोग क्षेत्र नक्सा वा विवरण अद्यावधिक गर्न बाँकी रहेको भए तापनि वर्गीकरण भएको क्षेत्रमा यस नियमावलीको अधीनमा रही कित्ताकाट गर्न सकिनेछ।

तर यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो वर्गीकरण भएको क्षेत्रको भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरिसक्नु पर्नेछ।

(४ग) स्थानीय भूउपयोग परिषद्बाट जग्गा वर्गीकरण गरी प्रत्येक कित्ताको विवरण तयार गर्दा कुनै कित्ता दुई वा सो भन्दा बढी भूउपयोग क्षेत्रमा पर्ने भएमा त्यस्तो कित्ताको जति क्षेत्रफल जुन वर्गीकरणमा पर्ने हो सोही वर्गीकरणमा समावेश गरी भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने र त्यस्तो कित्ताको विवरणको कैफियत महलमा क्षेत्रफल समेत खुलाई सो व्यहोरा जनाउनु पर्नेछ। त्यस्तो जग्गाको वर्गीकरण बमोजिम कित्ताकाट हुने भएमा सोही बमोजिम कित्ताकाट गरी नक्सा स्रेस्ता अद्यावधिक गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४घ) भूउपयोग क्षेत्र वर्गीकरण भई प्रत्येक कित्ताको विवरण तयार गर्ने क्रममा वर्गीकरण गरिएको भूउपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गीकरण हुन गई त्रुटि हुन गएमा त्यस्तो त्रुटि संशोधनका लागि स्थानीय तहको सिफारिस सहित लेखी आएमा सोही बमोजिम संशोधन गरी कित्ताकाट गर्नु पर्नेछ ।"

५. **<u>मूल नियमावलीमा नियम १२क. थपः</u>** मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः-

"१२क. **<u>कित्ताकाट गर्न सकिनेः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ५ को उपनियम (७) बमोजिम कृषि क्षेत्र नतोकिएसम्म देहाय बमोजिमको जग्गा नियम १२ को उपनियम (१) बमोजिम कित्ताकाट गर्न सकिनेछः-

(क) साविक नापजाँचबाट तयार भएको फिल्डबुकको किसिम महलमा धनहर खेत तर्फको अब्बल, दोयम, सिम वा चाहार र पाखो तर्फ अब्बल, दोयम उल्लेख भएको जग्गा,

(ख) नयाँ नापजाँच भई तयार भएको फिल्डबुकको किसिम महलमा कृषि क्षेत्र उल्लेख भएको जग्गा।

(२) नियम ५ को उपनियम (७) बमोजिम कृषि क्षेत्र नतोकिएसम्म उपनियम (१) मा उल्लिखित जग्गा बाहेकको अन्य जग्गाको नियम १२ को उपनियम (२) बमोजिम कित्ताकाट गर्न सकिनेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय